जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक


राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ | अंक : ३० | २०८३ साल जेष्ठ ०२ गते, शनिबार | Saturday, May.– 16 2026 | मूल्य रु. ५/- | पृष्ठ : ४

## कवही गोठ- मटिअर्वा-छतवा मुसहर्वा केन्द्रमा तस्करी सञ्जाल सक्रिय





***संवाहक सम्वादाता***-०१ जेष्ठ, कलैया

बारा जिल्लाको सीमावर्ती क्षेत्रमा संगठित तस्करी गतिविधि तीव्र बनेको भन्दै स्थानीयवासीले गम्भीर चिन्ता व्यक्त गरेका छन्। विशेषगरी मटिअर्वा क्षेत्र, कवही गोठ र छतवा मुसहरवा लाई तस्करी सञ्जालको मुख्य 'लिड रुट' तथा केन्द्रका रूपमा प्रयोग गरिएको आरोप स्थानीयले लगाएका छन्।

स्थानीयका अनुसार यी क्षेत्रहरू हुँदै भारतबाट लत्ता-कपडा, चकलेट, सुर्ती, मदिरासँगै माछा, उच्च मूल्यका किराना तथा अन्य महँगा उपभोग्य सामग्री समेत अवैध रूपमा नेपाल भित्र्याइँदै आएको छ। पछिल्लो समय सस्तो सामानभन्दा बढी मूल्यका वस्तुहरू व्यवस्थित ढंगले रातको समयमा ओसारपसार हुने क्रम बढेको उनीहरूको दाबी छ।

मटिअर्वा क्षेत्रबाट सुरु हुने ओसारपसार कवही गोठ हुँदै छतवा मुसहरवा क्षेत्रसम्म फैलिने र त्यहाँबाट कलैया, बरियारपुर तथा आसपासका बजारसम्म वितरण हुने गरेको स्थानीय स्रोतले जनाएको छ। यसरी यी तीनै क्षेत्रलाई जोडेर तस्करी सञ्जाल सक्रिय रूपमा सञ्चालन भइरहेको आरोप छ।

स्थानीयवासीले दिनको समयमा सामान्य चेकजाँच देखिए पनि रातको समयमा ठूलो परिमाणमा सामान निर्वाध रूपमा भित्रिने गरेको गुनासो गरेका छन्। "दिनमा कडाइ देखिन्छ, तर राति सेटिङमा खुलेआम महँगा सामान आउँछ," एक स्थानीयले बताए।

सुरक्षा निकायलाई गतिविधिबारे जानकारी भए पनि प्रभावकारी नियन्त्रण हुन नसकेको आरोप स्थानीयको छ। उनीहरूले मटिअर्वा, कवही गोठ र छतवा मुसहरवा क्षेत्रमा विशेष निगरानी बढाउँदै संगठित तस्करी नियन्त्रण गर्न माग गरेका छन्।

## भन्सार नीतिविरुद्ध सीमावर्ती भारतीय व्यापारीको विरोध, व्यापार प्रभावित भएको गुनासो

***१ जेठ, काठमाडौं।***

नेपाल-भारत सीमावर्ती क्षेत्रमा नेपाल सरकारले लागू गरेको नयाँ भन्सार नीतिविरुद्ध भारतीय व्यापारीहरूले विरोध प्रदर्शन गरेका छन्।

नीति अनुसार नेपाली रुपैयाँ १०० भन्दा बढी मूल्यका वस्तुमा भन्सार शुल्क (५ देखि ८० प्रतिशतसम्म) अनिवार्य भएपछि दैनिक उपभोग्य वस्तुहरूको व्यापार घटेको भन्दै भारतीय व्यापारीहरू आन्दोलित बनेका हुन्। उनीहरूले स्थानीय प्रशासनलाई ज्ञापनपत्र बुझाउँदै निर्णय पुनर्विचार गर्न आग्रह गरेका छन्।



सीमावर्ती बजारहरू जस्तै रक्सौल, जयनगरलगायत क्षेत्रका व्यापारीका अनुसार नेपालतर्फका ग्राहक घटेपछि किराना, चिप्स, कोल्ड ड्रिंक्स, बिस्कुट, फलफूल जस्ता वस्तुको बिक्रीमा ठूलो गिरावट आएको छ। यसले साना व्यापारी, अटोरिक्सा चालक र मजदुरहरूको जीविकोपार्जनमा असर परेको उनीहरूको भनाइ छ। यसैबीच केही स्थानमा विरोध प्रदर्शनका क्रममा "सरकार विरोधी" नारासमेत लगाइएको भिडियो सामाजिक सञ्जालमा देखिएको छ।

यता नेपाल सरकारले भने अनौपचारिक व्यापार नियन्त्रण, राजस्व वृद्धि र स्थानीय बजार

बाँकी तेस्रो पृष्ठमा

## जीतपुर बजारमा फुटपाथ हटाउने क्रममा नगर प्रहरी र व्यवसायीबीच झडप

***संवाहक सम्वादाता***-०१ जेष्ठ, कलैया

बाराको जीतपुर बजार मा फुटपाथ व्यवस्थापन तथा अतिक्रमण हटाउने अभियानका क्रममा नगर प्रहरी र फुटपाथ व्यवसायीबीच झडप भएको छ। घटनापछि केही समय बजार क्षेत्रमा तनावपूर्ण अवस्था सिर्जना भएको थियो।

जीतपुरसिमरा उपमहानगरपालिकाले सडक तथा फुटपाथ खाली गराउने अभियान सञ्चालन गरिरहेका बेला फुटपाथमा मकै र फलफूल बिक्री गर्दै आएका व्यवसायीहरूले विरोध जनाएका थिए। सोही विरोधका क्रममा विवाद चर्किंदा नगर प्रहरीमाथि हातपात भएको स्थानीयले बताएका छन्।



प्रत्यक्षदर्शीका अनुसार झडपका क्रममा एक व्यवसायीले जल्दै गरेको आगो नगर प्रहरीतर्फ फालेको बताइएको छ। यद्यपि घटनामा कुनै मानवीय क्षति नभएको जनाइएको छ।

घटनापछि आक्रोशित व्यवसायी तथा केही स्थानीयवासीले उपमहानगरपालिका कार्यालय घेराउसमेत गरेका थिए। स्थिति नियन्त्रणमा लिन ईलाका प्रहरी कार्यालय जीतपुरबाट थप प्रहरी परिचालन गरिएको थियो। प्रहरी र नगर प्रहरीको संयुक्त प्रयासपछि अवस्था नियन्त्रणमा आएको बताइएको छ।

हाल बजार क्षेत्रको अवस्था सामान्य रहेको छ। विवाद साम्य भए पनि केही व्यवसायी पुनः

बाँकी तेस्रो पृष्ठमा

## हरिखेतान क्याम्पसको प्रमुखमाथि दुर्व्यवहार आरोपमा दुई पक्राउ

***संवाहक सम्वादाता***-०१ जेष्ठ, कलैया

वीरगञ्जस्थित हरिखेतान बहुमुखी क्याम्पस मा लामो समयदेखि चल्दै आएको आन्तरिक विवाद बिहीबार हिंसात्मक बनेपछि दुई जना पक्राउ परेका छन्। क्याम्पस प्रमुखमाथि दुर्व्यवहार तथा कुटपिट गरेको आरोपमा प्रहरीले क्याम्पसकै एक शिक्षक र सह-लेखापाललाई नियन्त्रणमा लिएको हो।

पक्राउ पर्नेमा शिक्षक दिलीप प्रजापति र सह-लेखापाल देवलाल ठाकुर रहेका छन्। जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार उनीहरूमाथि अभद्र व्यवहार मुद्दामा सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको छ।



सामाजिक सञ्जालमा सार्वजनिक भएको भिडियोमा क्याम्पस प्रमुख किशोरी राय र शिक्षक प्रजापतिबीच हातहालाहाल तथा तानातान भएको दृश्य देखिएको छ। केही स्रोतका अनुसार क्याम्पस प्रमुखमाथि कालोमोसोसमेत दलिएको थियो।

क्याम्पस प्रशासनले वैशाख २१ गतेदेखि लागू हुने गरी चार जनाको करार सेवा समाप्त गर्ने निर्णय गरेपछि विवाद चर्किएको बताइएको छ। सेवा समाप्त गरिएकामध्ये लालकिशोर प्रसाद पटेल, रविन्द्रकुमार यादव, पूजा गुप्ता र दिलीपकुमार पण्डित रहेका छन्। उक्त निर्णयको विरोधमा शिक्षक तथा कर्मचारीहरूले क्याम्पसमा तालाबन्दी गरेका थिए। क्याम्पस प्रमुख रायले पटक-पटक ताला खोल्न आग्रह गरे पनि सहमति हुन नसक्दा विवाद झन् बढ्दै गएको थियो। सोही तनावका बीच बिहीबार हिंसात्मक घटना भएको प्रहरीले जनाएको छ। घटनापछि केही समय क्याम्पस परिसर तनावग्रस्त बनेको थियो।

घटनापछि क्याम्पस प्रशासनले शुक्रबार एक दिनका लागि सम्पूर्ण तहको पठनपाठन स्थगित गरेको छ। "विशेष कारणवश" भन्दै सूचना जारी गरी कक्षा सञ्चालन रोकिएको जनाएको हो।

शिक्षण संस्थाभित्रै शिक्षक तथा कर्मचारीबीच हात हालाहालको अवस्था सिर्जना भएपछि स्थानीयवासीले क्याम्पसको शैक्षिक वातावरण र व्यवस्थापनमाथि प्रश्न उठाएका छन्। सामुदायिक क्याम्पसमा व्यक्तिगत प्रभाव र स्वार्थ हाबी भएको आरोपसमेत लाग्दै आएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता हरि बहादुर बस्नेत ले घटनाको अनुसन्धान जारी रहेको जानकारी दिएका छन्।

## छोटी भन्सार कार्यालय खारेजीपछि सीमावर्ती मधेसमा चर्को असर, स्थानीय असन्तुष्ट

***संवाहक सम्वादाता***-०१ जेष्ठ, कलैया

सरकारले देशभरका अधिकांश छोटी भन्सार कार्यालय खारेज गर्दै सीमित सङ्ख्यामा मात्र सञ्चालनमा राखेपछि नेपाल-भारत सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नागरिकहरू प्रभावित भएका छन्।

नयाँ भन्सार नियमावली २०८३ लागू भएसँगै पहिले सञ्चालनमा रहेका १३३ छोटी भन्सार कार्यालय घटाएर १८ वटामा सीमित गरिएको छ। यस निर्णयपछि दैनिक उपभोग्य सामान ल्याउने सर्वसाधारण तथा सीमावर्ती व्यापारीहरूलाई प्रत्यक्ष समस्या परेको स्थानीयको गुनासो छ।




सीमावर्ती क्षेत्रका बासिन्दाका अनुसार अब नजिकका छोटी भन्सार हटाइएपछि करिब ५० किलोमिटर टाढा रहेका मुख्य भन्सार कार्यालयसम्म पुग्नुपर्ने बाध्यता सिर्जना भएको छ। यसले समय र लागत दुवै बढाएको

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर


प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज


## सम्पादकीय ........

# सम्पत्ति छानबिनको सुरुवात : सुशासनतर्फको अवसर कि औपचारिकता मात्रै


देशमा सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणको बहस वर्षौंदेखि हुँदै आएको विषय हो। तर व्यवहारमा सार्वजनिक पदमा पुगेका व्यक्तिहरूको सम्पत्ति, आयस्रोत र जीवनशैलीबीचको अस्वाभाविक अन्तरबारे जनस्तरमा सधैं प्रश्न उठ्ने गरेका छन्। यही सन्दर्भमा सम्पत्ति छानबिन आयोगले प्रधानमन्त्रीदेखि वडा अध्यक्षसम्मका जनप्रतिनिधिहरूलाई एक महिनाभित्र सम्पत्ति विवरण बुझाउन दिएको निर्देशनलाई महत्त्वपूर्ण कदमका रूपमा लिन सकिन्छ।

लोकतन्त्रमा सार्वजनिक पद भनेको जनविश्वासको जिम्मेवारी हो। जनताबाट निर्वाचित वा नियुक्त भएर राज्यको स्रोत-साधन प्रयोग गर्ने व्यक्तिहरूले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्न हिच्किचाउनु हुँदैन। बरु यसले उनीहरूको पारदर्शिता र नैतिकताको प्रमाण दिन्छ। त्यसैले आयोगको पछिल्लो पहलले राज्य संयन्त्रभित्र उत्तरदायित्वको संस्कार विकास गर्न सहयोग पुऱ्याउन सक्छ।

तर प्रश्न के हो भने–के यो अभियान वास्तविक छानबिनसम्म पुग्ला, कि औपचारिक कागजी प्रक्रिया बनेर सीमित रहला ? विगतमा पनि धेरै आयोग, समिति र अनुसन्धान बने, तर प्रभावशाली व्यक्तिमाथि कारबाही गर्न राज्य संयन्त्र प्रायः कमजोर देखियो। पहुँच र शक्तिका आधारमा अनुसन्धान प्रभावित हुने प्रवृत्तिले जनविश्वास कमजोर बनाएको यथार्थ लुकाउन सकिँदैन।

यदि आयोगले निष्पक्ष रूपमा काम गर्ने हो भने यो अभियान केवल विवरण संकलनमा सीमित हुनु हुँदैन। सम्पत्ति र आम्दानीको स्रोतबीच मेल खाने-नखाने विषयमा गहिरो अनुसन्धान हुनुपर्छ। अवैध सम्पत्ति भेटिए कानुनी कारबाहीको दायरामा ल्याउने साहस पनि राज्यले देखाउनुपर्छ। अन्यथा यो अभियान प्रचारमुखी अभ्यासमा मात्र सीमित हुनेछ। जनप्रतिनिधिमाथिको सम्पत्ति छानबिन कुनै प्रतिशोधको राजनीति होइन, बरु लोकतान्त्रिक जवाफदेहिताको अनिवार्य आधार हो। अझ स्थानीय तहदेखि केन्द्रसम्म भ्रष्टाचारका गुनासा बढिरहेका बेला यस्तो कदमले नागरिकमा केही आशा जगाएको छ। तर आशालाई विश्वासमा बदल्न निष्पक्षता, पारदर्शिता र परिणाममुखी कार्यशैली अपरिहार्य हुन्छ। अब आयोगको सफलता कति सूचना संकलन गरियो भन्नेमा होइन, कति सत्य उजागर भयो भन्नेमा निर्भर रहनेछ। जनता कागजी प्रतिबद्धता होइन, व्यवहारिक परिणाम हेर्न चाहन्छन्।

# बर्खाको सामाजिक शास्त्र



राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना गरिएको छ। कानुनी संरचना पनि बनेका छन्। कागजमा बनेका नीति र जमिनमा देखिने कार्यान्वयनबिचको दुरी निकै लामो छ। धेरै स्थानीय तहसँग विपत् व्यवस्थापन योजना छैन, भएका योजनासमेत कार्यान्वयनमा कमजोर छन्। अधिकांश पालिकासँग उद्धार सामग्री छैन। दक्ष जनशक्ति छैन, सुरक्षित आश्रयस्थल छैन। यस्तो अवस्थामा अब सबै आशा र भरोसा भने नयाँ सरकारसँग छ।



डा. शोभाकर पराजुली

बर्खाको बादल फेरि नेपाली आकाशमा मडारिन थालिसकेको छ। मौसम, ऋतु र समयको चक्र नै हो, घुम्दै घुम्दै फेरि दोहोरिइरहन्छ। बर्खा, बादल अनि झरी, प्रकृतिसँगै जति यी विम्ब सुन्दर लाग्छन्, उति नै भयानक पनि सँगसँगै हुन्छन्। आकाशभरि फैलिएको कालो बादल, पहाडका काखमा झरेका कुहिराका धर्सा, खेतबारीमा उम्रिएको हरियाली, खोला, नदीको गर्जन- यी सबै प्रकृतिका अनुपम दृश्य हुन्। यही सौन्दर्यभित्र विनाशको एउटा गहिरो सम्भावना पनि लुकेको हुन्छ। मान्छे र प्रकृतिबिचको आदिम सम्बन्धमा जब असन्तुलन पैदा हुन्छ, तब प्रकृति आफैँ प्रतिरोधमा उत्रिन्छ। अनि त्यो प्रतिरोध प्रायः मानव सभ्यताका लागि निर्मम साबित हुन्छ।

हरेक मौसम प्राकृतिक चक्र हुन्। प्रकृतिको आफ्नै चक्र हुन्छ र सन्तुलन पनि। त्यसैका लागि यी चक्र नियमित हुन्छन्। कति मानव जीवनचक्रमा पनि आवश्यक हुन्छन् त कतिपय अवस्थामा तिनै विनाशकारी बनिदिन्छन्। नेपाल आफैँमा कृषिप्रधान देश हो, यहाँको मुख्य बालीका लागि यो बर्खा आवश्यक छ। झरी आवश्यक छ। हामीसँग कैयौँ खेती हुने जमिन छ। बर्खे बालीका लागि वर्षा र यो मौसम जति आवश्यक छ, त्योभन्दा धेरै त्यससँगैको बाढीपहिरो र अन्य विपत्को जोखिम र भयानकता पनि छ।

बितेका करिब छ वर्षयता यस्तै विपत्जन्य घटनामा लगभग तीन हजार सात सय जना नेपालीको ज्यान गएको छ। पाँच सयभन्दा धेरै अझै बेपत्ता छन्। विपत्सम्बन्धी नेपालको एक तथ्याङ्क अनुसार बितेका यी छ वर्षमा मात्रै लगभग ३३ हजार ठुलासाना विपत्का घटना भएका छन्। यद्यपि मानवीय क्षतिको कुनै मूल्य, तुलना त हुँदैन तथापि यसबिचमा लगभग २५ अर्बभन्दा धेरै भौतिक क्षतिको भार राज्यमाथि परेको छ। हरेक वर्ष यस्तै अर्बौं रुपियाँ राज्यभारमा आइ पर्छ। त्यसमा पनि बर्खायाममा हुने बाढीपहिरोका घटनाले सबैभन्दा धेरै मानवीय र भौतिक क्षति गर्दै आएको छ। एउटा तथ्याङ्क अनुसार बितेका छ वर्षमा लगभग दुई हजार सात सयभन्दा धेरै ठुला र विनाशकारी पहिरा गएका छन्, जसबाट लगभग एक हजार नेपालीले ज्यान गुमाउनु परेको छ। आगलागी, बाढी, चट्याङलगायतका धेरै विपत्का नियति नेपालीले हरेक वर्ष भोग्दै आएका छन्। विपत्लाई हामी मात्रै प्राकृतिक नियति ठानिरहेका छौँ। हरेक वर्ष सयौँ नागरिकको ज्यान

त्यसको सिकार भइरहेको छ तर त्यसबाट हामीले कहिल्यै चेतेनौँ। हामी कहिल्यै चेत्दैनौँ। अर्थात् त्यसको पूर्वतयारीमा हामी सधैँ चुकिरहेका हुन्छौँ।

यद्यपि हरेक वर्ष सरकारले विपत् पूर्वतयारीका नाममा करोडौँ रकम खर्च गरिरहेको हुन्छ। पूर्वसूचना अनि पूर्वतयारीका संयन्त्र विकास गर्न राज्य लागि परेको देखिन्छ तर त्यो कहिल्यै प्रभावकारी हुन सकेको छैन, जसका कारण हरेक वर्ष त्यही नियति दोहोरिन्छ र हामी त्यसका निरन्तर सिकार भइरहेका छौँ।

नेपाल आफैँमा प्राकृतिक जोखिमयुक्त भूगोल हो। विश्वकै प्राकृतिक विपत्को जोखिम रहेका देशमध्ये नेपाल पनि एक हो। जहाँ मौसमी विपत्, बाढीपहिरो, आगलागी तथा भूकम्पीय जोखिमले समेत नेपाल खतराको सबैभन्दा माथिल्लो सूचीमा रहेको देखिन्छ। नेपालमा बर्खा सुरु हुनासाथ देशभरि त्रास सुरु हुन्छ। पहाडमा पहिरो, तराईमा डुबान, सहरमा जलमग्न सडक, अवरुद्ध राजमार्ग, बग्ने पुल, कटानमा पर्ने बस्ती- यी सबै दृश्य अब असामान्य रहेनन्। हामी हरेक वर्ष यिनै समाचार सुन्छौँ, यिनै तस्बिर हेर्छौं यिनैमा आँसु बगाउँछौँ। विडम्बना, हामी अझै पनि हरेक वर्ष आश्चर्यचकित भइरहेका हुन्छौँ, मानौँ यो समस्या पहिलो पटक आएको हो। अनि बल्ल हामी हठात् त्यसको तयारीमा अलमलिन्छौँ। नेपालमा विपत् व्यवस्थापनलाई अझै पनि 'घटना भएपछि गरिने काम' कर्मकाण्डी काजका रूपमा बुझिन्छ। जबकि विकसित देशले विपत् व्यवस्थापनलाई पूर्वतयारी, जोखिम न्यूनीकरण र द्रुत प्रतिक्रियाको समग्र प्रणालीका रूपमा विकास गरिसकेका छन्।

नेपालमा विपत् आउँछ, मानिस मर्छन्, सरकार राहत घोषणा गर्छ, हेलिकोप्टर उड्छ, केही बोरा चामल वितरण हुन्छ, केही दिन समाचार चल्छ, अनि सबै सेलाउँछ। अर्को वर्ष फेरि उही कथा दोहोरिन्छ। यो चक्र केवल प्रकृतिको नियतिमात्रै होइन, राज्य असफलताको एउटा भयानक विम्ब पनि हो। भनिन्छ, विपत् भनेको कहिल्यै बाजागाजा घन्काएर आउँदैन। यो केवल अभिव्यक्ति होइन, मानव इतिहासकै कठोर सत्य हो। बाढीपहिरो, भूकम्प, डुबान, हिमपहिरो, चट्याङ- यी सबै मानव नियन्त्रणबाहिरका घटना हुन्। कतिपय मानवीय क्रियाकलापकै परिणाम होलान् तर सवाल विपत् आउँछ वा आइरहन्छ यो नियमितता त हो भन्ने मात्रै होइन, त्यसको सामना र विपत्पछिको व्यवस्थापनमा राज्य कति तयार छ भन्नेमा पनि हुन्छ।

लोककल्याणकारी राज्य प्रणालीमा राज्यको मूल दायित्व भनेको नागरिकको जीवन रक्षा नै पहिलो सर्त हो। हरेक वर्ष दोहोरिइरहने उही प्राकृतिक विपत्बाट नागरिक जीवन प्रभावित भइरहेको हुन्छ। त्यसमा राज्य कहिल्यै गम्भीर हुँदैन। सधैँ यस्तै त हो भन्ने पारामा राज्य चल्न खोज्छ भने त्यो प्राकृतिक विपत्जन्य दुर्घटनामात्रै होइन, त्यो राज्य कति अनुदार छ भन्ने प्रमाण पनि हो। यो सँगसँगै नेपाल जलवायु सङ्कटको जोखिममा पनि उत्तिकै खतराको सूचीमा छ। नेपाल विश्वका ती मुलुकमध्ये पर्छ, जसले जलवायु परिवर्तनको असर धेरै भोगिरहेका छन्, जबकि यसको कारण बन्ने कार्बन उत्सर्जनमा नेपालको योगदान न्यून छ। विकसित राष्ट्रको औद्योगिकीकरणले पृथ्वीको तापक्रम बढायो तर त्यसको मूल्य हिमालयले चुकाइरहेको छ। हिमतालहरू अस्थिर भइरहेका छन्। असामान्य वर्षा बढिरहेको छ।

पहाडमा पहिरोको जोखिम बढेको छ। तराईमा डुबान गहिरिँदै गएको छ। कृषिमा असर परेको छ। खानेपानीका स्रोत सुक्दै गएका छन्। हिमालय केवल नेपालको भौगोलिक स्वरूप वा सम्पत्ति मात्रै होइन, यो एसियाको जलस्रोत प्रणालीको मुटु हो। अर्बौं मानिसको जीवन हिमालयबाट बग्ने नदीमा निर्भर छ। विश्व शक्तिहरूले जलवायु न्यायका कुरा गरे पनि विकासशील मुलुकका वास्तविक पीडा अझै पर्याप्त रूपमा सम्बोधन भएका छैनन्। नेपालले जलवायु कूटनीतिमा अझ बलियो भूमिका खेल्नुपर्ने आवश्यकता छ। 'लस एन्ड ड्यामेज' को बहसमा नेपालले आफ्नो आवाज सशक्त बनाउनु पर्छ। जलवायु वित्त, प्रविधि हस्तान्तरण र अनुकूलन कार्यक्रमका लागि अन्तर्राष्ट्रिय दबाब बढाउने अब नयाँ सरकारको महत्वपूर्ण जिम्मेवारी बन्नु पर्छ।

आधुनिकताले संसार कहाँबाट कहाँ पुगिसकेको छ। चन्द्रमा अनि मङ्गल ग्रहमा मानव सभ्यता सुरुवातका सभ्यता खोजी भइरहेको यो युगमा पनि नेपाली त्यही 'जुग' मा चलिरहन खोजेको जस्तो देखिन्छ। प्रविधिले संसारलाई कहाँदेखि कहाँ पुऱ्याइरहेका बेलामा हामी भने त्यही शैलीका 'डोरी' कसेर विपत्पछिको उद्धारमा खटिन्छौँ। प्रश्न सधैँ उठ्छ, किन नेपालसँग अत्याधुनिक उद्धार प्रणाली छैन ? किन हरेक विपत्का बेला हामी आकस्मिकता र अव्यवस्थामा अल्झिन्छौँ ? किन हाम्रो उद्धार प्रणाली अझै पनि परम्परागत र प्रतिक्रियामुखी छ ? हामीसँग प्रभावकारी राष्ट्रिय आपत्कालीन संयन्त्र छैन। उद्धारका लागि अन्तर्राष्ट्रियस्तरका तालिमप्राप्त जनशक्ति छैन। आधुनिक र प्रभावकारी औजार छैनन्। उद्धारका लागि सेना, प्रहरी, सशस्त्र प्रहरीका केही टुकुडी कसरी पर्याप्त हुन सक्छन् ? स्थानीय तह र स्वयंसेवी संस्था छुट्टाछुट्टै सक्रिय हुन्छन् तर ती निकायबिच समन्वय गर्ने एउटा कुनै स्वायत्त निकाय छैन। विपत्को बेला नेतृत्व कसले गर्ने, कुन निकाय कहाँ जिम्मेवार हुने, कसरी तत्काल परिचालन गर्ने भन्ने स्पष्टता छैन।

नेपालमा राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना गरिएको छ। कानुनी संरचना पनि बनेका छन्। कागजमा बनेका नीति र जमिनमा देखिने कार्यान्वयनबिचको दुरी निकै लामो छ। धेरै स्थानीय तहसँग विपत् व्यवस्थापन योजना छैन, भएका योजनासमेत कार्यान्वयनमा कमजोर छन्। अधिकांश पालिकासँग उद्धार सामग्री छैन। दक्ष जनशक्ति छैन, सुरक्षित आश्रयस्थल छैन। यस्तो अवस्थामा अब सबै आशा र भरोसा भने नयाँ सरकारसँग छ। उसैको काँधमा छ। सरकार सरकार जस्तो मात्रै होइन, यो त हरेक नागरिकको अभिभावक पनि हो। नागरिकले पीडा भोग्नुअघि अभिभावक देखिनु पर्छ, वर्षा एक वर्ष होइन प्रत्येक वर्ष हुन्छ।


जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो।"

हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने।
- बाल विवाहको विरोध गर्ने।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा–बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## मध्यपूर्व द्वन्द्व समाधानका लागि चीनको सहयोग स्वागत गरिने : इरानी विदेशमन्त्री

***नयाँदिल्ली, जेठ १ गते ।***
इरानका विदेशमन्त्री अब्बास अराघचीले शुक्रबार मध्यपूर्वमा द्वन्द्व समाधान गर्न चीनलगायत कुनै पनि सहयोगका लागि आफू तयार रहेको बताउनुभएको छ । "हामी सहयोग गर्ने हैसियत भएका कुनै पनि देशको सहयोगलाई स्वागत गर्छौं," विशेष गरी चीनले मध्यपूर्व युद्धमा मध्यस्थता गर्न चाहेमा के यो इरानका लागि स्वीकार्य छ भनी सोधिएको प्रश्नमा ब्रिक्स समूहका राष्ट्रको बैठकका अवसरमा नयाँदिल्लीमा पत्रकारसँगको संवादमा उहाँले भन्नुभयो ।

वार्ता जारी राख्न अमेरिका इच्छुक रहेको सन्देश वासिङ्टनबाट प्राप्त भएको पनि विदेशमन्त्री अराघचीले बताउनुभएको छ । उहाँले भन्नुभयो, "हामीले उनीहरू वार्तालाई निरन्तरता दिन इच्छुक छन् भन्ने सन्देश अमेरिकी अधिकारीबाट फेरि प्राप्त गरेका छौं । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले



सी जिनपिङले 'स्ट्रेट अफ हर्मुज' पुनः खोल्न चीनले सहयोग गर्ने प्रस्ताव गरेको र चिनियाँ नेताले अमेरिका र इजरायल विरुद्धको युद्धमा इरानलाई सहयोग गर्न सैन्य उपकरण नपठाउने प्रतिबद्धता व्यक्त गरेको बताएको एक दिनपछि अराघचीले उक्त कुरा बताउनुभएको हो। उहाँले अगाडि भन्नुभयो, "चीनसँग हाम्रो धेरै राम्रो सम्बन्ध छ, हामी एक अर्काका रणनीतिक साझेदार हौं र हामीलाई थाहा छ कि चिनियाँको मनसाय राम्रो छ, त्यसैले उनीहरूले कूटनीतिमा सहयोग पुर्याउन सक्ने कुनै पनि कुरालाई इस्लामिक गणतन्त्रले स्वागत गर्ने छ। इरान र अमेरिकाबिचको तनाव कम गर्न अहिलेसम्म पाकिस्तान मध्यस्थ कर्ता रहँदै आएको छ । उहाँले भन्नुभयो, "पाकिस्तानको मध्यस्थता प्रक्रिया अझै असफल भएको छैन, तर मुख्यतः अमेरिकीको व्यवहार र हामीबिच रहेको अविश्वासको कारण यो धेरै कठिन मार्गमा छ ।

## भारतमा पेट्रोल-डिजेल महँगियो

***नयाँदिल्ली, जेठ १ गते ।***
मध्यपूर्वमा जारी युद्ध र हर्मुज जलघाँटीमा उत्पन्न अवरोधका कारण भारतमा पेट्रोलियम पदार्थको मूल्य बढ्न थालेको छ । भारतीय सरकारी तेल कम्पनीले शुक्रबार पेट्रोल र डिजेलको मूल्यमा तीन प्रतिशतभन्दा बढी वृद्धि गरेका छन्, जसले सर्वसाधारणदेखि उद्योग क्षेत्रसम्म थप आर्थिक दबाब सिर्जना गरेको छ । फेब्रुअरीमा युद्ध सुरु भएपछि भारतमा अटोमोबाइल इन्धनको मूल्य बढाइएको यो पहिलो पटक हो । युद्धपछि इरानले विश्व ऊर्जा आपूर्तिका लागि अत्यन्त संवेदनशील मानिने स्ट्रेट अफ हर्मुज क्षेत्रमा लगभग पूर्ण नाकाबन्दी गरेपछि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको आपूर्ति प्रभावित भएको छ । विश्वको तेस्रो ठूलो तेल आयात कर्ता भारतले सामान्यतया आफ्नो कच्चा तेलको करिब आधा हिस्सा यही जलमार्ग हुँदै आयात गर्ने गर्दछ ।

त्यसैले हर्मुज क्षेत्रमा बढेको अस्थिरताले भारतीय ऊर्जा बजारमा प्रत्यक्ष प्रभाव पारेको विश्लेषण गरिएको छ । इन्डियन आयल कर्पोरेसनका अनुसार राजधानी दिल्लीमा पेट्रोलको मूल्य प्रतिलिटर ९४ रुपियाँ ७७ पैसाबाट बढेर ९७ रुपियाँ ७७ पैसा पुगेको



छ । त्यसै गरी डिजेलको मूल्य ८७ रुपियाँ ६७ पैसाबाट बढेर ९० रुपियाँ ६७ पैसा पुगेको छ । अन्तर्राष्ट्रिय बजार, ढुवानी लागत र स्थानीय करका आधारमा देशका विभिन्न क्षेत्रमा मूल्य फरक-फरक रहने जनाइएको छ ।

सरकारी तेल कम्पनीले विश्व बजारमा कच्चा तेलको मूल्य लगातार उकालो लागेकाले इन्धन बिक्रीमा घाटा व्यहोर्नुपरेको बताएका छन् । यस अघि सरकारले लाखौं घरपरिवारले प्रयोग गर्ने खाना पकाउने इन्धन तरलीकृत पेट्रोलियम ग्यास (एलपिजी)को मूल्यसमेत बढाइसकेको थियो । इन्धन मूल्य वृद्धिसँगै भारत सरकारले ऊर्जा खपत घटाउने र विदेशी मुद्रा जोगाउने उद्देश्यले मितव्ययिता कार्यक्रम पनि कडा बनाएको छ । अधिकारीहरूले सरकारी तथा निजी क्षेत्रलाई इन्धनको अनावश्यक प्रयोग कम गर्न आग्रह गरिरहेका छन् । दिल्लीका मुख्यमन्त्रीले बिहीबार सरकारी कार्यालयका कर्मचारीलाई सम्भव भएसम्म हप्तामा दुई दिन घरबाटै काम गर्न निर्देशन दिनुभएको छ । साथै निजी सवारी साधनको प्रयोग घटाउन सर्वसाधारणलाई सार्वजनिक यातायात प्रयोग गर्न आग्रह गरिएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले पनि इन्धन आयातमा खर्च हुने ठूलो परिमाणको विदेशी मुद्रा बचत गर्न ऊर्जा खपत नियन्त्रण आवश्यक रहेको बताउनुभएको छ । भारतको बढ्दो ऊर्जा आयात खर्चले व्यापार घाटा र मुद्रास्फीतिमा असर पार्न सक्ने चिन्ता व्यक्त गरिएको छ । यसैबिच भारतले मध्यपूर्वबाट घटेको आपूर्तिको प्रभाव कम गर्न रूसी कच्चा तेलको आयात बढाएको देखिएको छ । जहाज ट्र्याकिङ तथा आयातसम्बन्धी तथ्याङ्कले प्रतिबन्धमा दिइएको अस्थायी अमेरिकी छुटपछि रूसबाट तेल आयात उल्लेख्यरूपमा बढेको देखाएको छ ।

## जीतपुर...

फुटपाथमै व्यापारमा फर्किएको स्थानीयले बताएका छन्।

उपमहानगरपालिकाले भने बजार व्यवस्थापन तथा सडक अतिक्रमण नियन्त्रण अभियान निरन्तर जारी रहने जनाएको छ। साथै नगर प्रहरीमाथि आक्रमण गर्ने तथा सार्वजनिक काममा अवरोध पुऱ्याउनेमाथि कानुनी कारबाही गर्ने चेतावनीसमेत दिएको छ।

## छोटी...

उनीहरूको भनाइ छ।
भन्सार विभागका एक अधिकारीका अनुसार नेपाली बजारलाई प्रवर्द्धन गर्ने उद्देश्यले नियम कडा बनाइएको हो। तर स्थानीय तहमा यसको प्रत्यक्ष प्रभाव जनजीवनमा परेको देखिएको छ।
नयाँ व्यवस्था लागू भएपछि अब छोटी भन्सारबाट एक पटकमा १० हजार रुपैयाँसम्मका मात्र सामान ल्याउन पाइने भएको छ, जसले पहिलेको तुलनामा सीमा पार व्यापार झन् कडाइ भएको छ।
यस निर्णयको विरोधमा सीमावर्ती क्षेत्रमा असन्तुष्टि पनि बढ्दै गएको छ। केही स्थानमा आन्दोलन तथा अवरोधसमेत देखिन थालेको स्थानीयले बताएका छन्।
सरकारले भने यो निर्णय राजस्व प्रणाली व्यवस्थित गर्न र अनियन्त्रित आयात नियन्त्रण गर्न गरिएको दाबी गरेको छ। तर सीमावर्ती नागरिकहरूले भने भूगोल र जनजीवन नबुझी नीति बनाइएको आरोप लगाएका छन्।

## तीन...

आग्रह गरेका थिए। तर वन कार्यालयले उक्त क्षेत्र वन क्षेत्रभित्र पर्ने भएकाले संरचना राख्न कानुनी रूपमा सम्भव नभएको जनाएको छ।
स्थानीयका अनुसार २०७७ सालमा वडा कार्यालयले जग्गाको निस्सा वितरण गरेको थियो, जसका आधारमा उनीहरू लालपूर्जाको आशामा थिए। तर अन्ततः लामो समयदेखि बसोबास गर्दै आएका बासिन्दा विस्थापित हुनुपरेको छ।

## १८ दिन...

अधिकारकर्मीमाथि दमन गरेको तथा आपत्तिजनक अभिव्यक्ति दिएको आरोप लगाउँदै कारबाहीको माग गरेकी छन्। साथै महिला अधिकारकर्मीलाई झुटा मुद्दामा नफसाउने तथा सुरक्षाको ग्यारेन्टी गर्नुपर्ने मागसमेत अघि सारिएको छ।
अनशन लम्बिँदै जाँदा मानवअधिकारकर्मी तथा नागरिक समाजले रुबी खानको स्वास्थ्य अवस्थाप्रति चासो व्यक्त गर्दै सरकारलाई संवाद र समाधानतर्फ अघि बढ्न आग्रह गरेका छन्।

## विदेशबाट...

पनि दिनुभयो। कृषि क्षेत्रमा प्रविधिको प्रयोग बढाउने, किसानको उत्पादनलाई सहज रूपमा बजारसम्म पुऱ्याउने तथा कृषकलाई राज्यबाट आवश्यक सहजीकरण गर्ने विषयमा मन्त्रालय गम्भीर रहेको उहाँको भनाइ थियो।
बैठकमा समिति सदस्यहरूले किसानहरूले उत्पादनको उचित मूल्य नपाउने समस्या अझै कायम रहेको भन्दै बिचौलियाको हस्तक्षेप नियन्त्रण गर्न सरकारसँग माग गरेका थिए। उनीहरूले रासायनिक मलभन्दा प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गर्ने नीति ल्याउन पनि सुझाव दिएका छन्।

## भन्सार...


संरक्षणका लागि नीति आवश्यक भएको स्पष्ट पारेको छ। सीमामा हुने अवैध व्यापार घटाउन यो कदम चालिएको सरकारी पक्षको तर्क छ।
समग्रमा नयाँ भन्सार नीतिले सीमावर्ती व्यापारिक सम्बन्धमा अस्थायी तनाव सिर्जना गरेको देखिएको छ, जसको प्रभाव दुवै देशका साना व्यापारी र उपभोक्तामा परेको स्थानीय विश्लेषकहरूको भनाइ छ।


## स्थानीय...


उल्लंघन भएको स्पष्ट संकेत गरेको प्रतिवेदनको निष्कर्ष छ।
आन्तरिक लेखापरीक्षण प्रणाली पनि कमजोर रहेको देखिएको छ। २६८ स्थानीय तहले आन्तरिक लेखापरीक्षण नै नगरेको, २२१ तहले जिन्सी निरीक्षण नगरेको तथा सरकारी सम्पत्ति व्यवस्थापन प्रणाली (एब्क) लागू गर्न धेरै तह असफल भएको उल्लेख छ।
प्रतिवेदनले स्थानीय तहमा बेरुजुको अवस्था पनि भयावह रहेको देखाएको छ। आर्थिक वर्ष २०८१-८२ मा मात्र १९ अर्ब रुपैयाँभन्दा बढी बेरुजु कायम भएको छ भने कुल अद्यावधिक बेरुजु २ खर्ब रुपैयाँभन्दा बढी पुगेको छ।
महालेखाले यस्तो अवस्था सुधार नगरे स्थानीय तहको वित्तीय प्रणाली अझ जोखिमपूर्ण बन्न सक्ने चेतावनी दिएको छ।

## मधेश प्रदेश मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष यादव पदबाट बर्खास्त

***१ जेठ, जनकपुरधाम ।***
मिडिया काउन्सिल मधेश प्रदेशका कार्यवाहक अध्यक्ष सुरेश कुमार यादव लाई पदबाट बर्खास्त गरिएको छ।
मधेश प्रदेश सरकार अन्तर्गत गृह, सञ्चार तथा कानुन मन्त्रालयले यादवले पदीय मर्यादा विपरीत गतिविधि गरेको भन्दै उनलाई कार्यवाहक अध्यक्षसहित सबै जिम्मेवारीबाट पदमुक्त गरिएको जनाएको छ।
मन्त्रालयका अनुसार कार्यालयको बोर्डमा प्रदेश सरकार र मन्त्रालयको नाम हटाइएको, साथै सरकारी निकायविरुद्ध गतिविधि गरिएको पाइएपछि उनलाई स्पष्टीकरण सोधिएको थियो। तर चित्तबुझ्दो जवाफ नआएपछि बर्खास्त गर्ने निर्णय गरिएको बताइएको छ।
यसअघि पनि पदीय जिम्मेवारीमै रहेर अनियमित गतिविधि गरेको, तथा मन्त्रालयसँग असहयोग गरेको आरोप उनीमाथि लाग्दै आएको थियो। केही समयअघि जनकपुरधामस्थित पूर्वाधार विकास कार्यालयमा तालाबन्दीसमेत गरिएको विषयमा पनि विवाद उत्पन्न भएको थियो।
काउन्सिलमा यसअघि अध्यक्ष रहेका कमल उपाध्याय माथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेपछि पद रिक्त रहेको थियो। त्यसपछि यादवले कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हालेका थिए।
हाल काउन्सिलमा केही पदाधिकारी मात्र रहेका छन् र आगामी नेतृत्व तथा व्यवस्थापनबारे छलफल हुने अपेक्षा गरिएको छ।









# १८ दिनदेखि अनशनमा रुबी खान, ९ बुँदे मागसहित न्यायको आवाज

*१ जेठ, काठमाडौं ।*
महिला अधिकारकर्मी रुबी खान ले विभिन्न घटनामा न्यायको माग गर्दै थालेको अनशन १८औँ दिनमा पुगेको छ। पक्राउ परेको दिनदेखि नै अनशन सुरु गरेको बताउँदै उनका पक्षधरहरूले स्वास्थ्य अवस्था दिनप्रतिदिन कमजोर बन्दै गएको बताएका छन्।




रुबी खानकी सहयोगी साहले “प्रहरीले समातेको दिनदेखि नै अनशन सुरु गर्नुभएको हो, आज १८ दिन बितिसक्यो । स्वास्थ्य अवस्था पनि बिग्रँदै गइरहेको छ,” भन्दै चिन्ता व्यक्त गरेकी छन्।
रुबी खानले विभिन्न महिला, दलित तथा मानवअधिकारसँग सम्बन्धित घटनामा निष्पक्ष अनुसन्धान र दोषीमाथि कारबाहीको माग राख्दै ९ बुँदे माग सार्वजनिक गरेकी छन्।
उनका मुख्य मागहरूमा निर्मला कुर्मी को मुद्दामा अनुसन्धान टुंग्याएर अदालतमा पुऱ्याउनुपर्ने, गुडिया कहार हत्या प्रकरणमा थप व्यक्तिमाथि अनुसन्धान गरी मुद्दा दर्ता गर्नुपर्ने तथा नाबालक दिपेश चमार को घटनामा थप जाहेरी लिएर निष्पक्ष अनुसन्धान गर्नुपर्ने उल्लेख छ।
त्यस्तै दिपेश चमारको उपचारमा लापरबाही भएको आरोप लगाउँदै तत्कालीन ड्युटीमा रहेका चिकित्सकमाथि कारबाहीको मागसमेत गरिएको छ। शिक्षक नारायण शर्मा माथि नाबालिका तथा महिलामाथि अभद्र व्यवहार गरेको आरोपमा कडा कारबाही गर्नुपर्ने माग पनि राखिएको छ।
रुबी खानले बाँकेका प्रहरी प्रमुख अंगुर जिसी माथि आन्दोलन दबाउन खोजेको, महिला

बाँकी तेस्रो पृष्ठमा

# तीन नम्बर पुल क्षेत्रमा पाँच दशक पुरानो बस्ती डोजरले हटाइयो, स्थानीय विस्थापित

***संवाहक सम्वादाता***-०१ जेष्ठ, कलैया
बाराको जीतपुरसिमरा उपमहानगरपालिका-२२ अन्तर्गत तीन नम्बर पुल क्षेत्रमा रहेको करिब पाँच दशक पुरानो बस्ती शुक्रबार सरकारी टोलीले हटाएको छ। सडक, वन तथा निकुन्ज क्षेत्रभित्र पर्छ भन्ने आधारमा संयुक्त निकायले डोजर चलाएर बस्ती भत्काएको हो।



डिभिजन वन कार्यालय, सडक डिभिजन कार्यालय र पर्सा राष्ट्रिय निकुन्ज को संयुक्त टोलीले गरेको उक्त कारबाहीका क्रममा ३८ घरटहरा, साथै त्यहाँ सञ्चालित विद्यालयसमेत भत्काइएको छ।
कारबाहीका क्रममा करिब १ सय ७० सुरक्षाकर्मी–नेपाल प्रहरी, सशस्त्र प्रहरी, वन रक्षक र नेपाली सेनासमेत–परिचालन गरिएको थियो। सरकारी टोली पुगेपछि स्थानीयले तत्काल बस्ती खाली गर्न समय माग गरेका थिए भने केहीले अवरोधसमेत गरेका थिए। तर अन्ततः सुरक्षा घेराबन्दीबीच डोजर चलाइएको थियो।
स्थानीयवासीका अनुसार यो बस्ती २०३२ सालदेखि बसोबास हुँदै आएको हो र राजमार्ग छेउमा होटल तथा व्यापार व्यवसाय सञ्चालन हुँदै आएको थियो। बस्ती हटेपछि सयौँको रोजगारीसमेत प्रभावित भएको उनीहरूको भनाइ छ।
स्थानीयले राजमार्गको केही भाग मात्र हटाएर बाँकी बस्ती जोगाउन

बाँकी तेस्रो पृष्ठमा

# मित्र मिलन सहकारी ठगीमा रास्वपा नेता बोधराजविरुद्ध पक्राउ आदेश

***काठमाडौं, १ जेठ ।***
पोखराको मित्र मिलन बचत तथा ऋण सहकारी संस्था मा भएको आर्थिक अनियमितता तथा बचतकर्ताको रकम हिनामिना प्रकरणमा राष्ट्रिय स्वतन्त्र पार्टीका नेता बोधराज रेग्मी विरुद्ध पक्राउ पुर्जी जारी गरिएको छ।



कास्की प्रहरीले जिल्ला अदालतबाट रेग्मीसहित २६ जनाविरुद्ध पक्राउ अनुमति लिएको हो। सहकारीबाट लिएको ऋण लामो समयसम्म नतिरेको तथा प्रहरीको सम्पर्कमा नआएको आरोपमा उनीहरूमाथि अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।
प्रहरीका अनुसार पक्राउ पुर्जी जारी भएपछि रेग्मी फरार रहेका छन्। उनी रास्वपा स्याङ्जाका नेता हुनुका साथै धनञ्जय रेग्मी का स्वकीय सचिवसमेत रहेका छन्। उनी २०७९ को प्रतिनिधिसभा निर्वाचनमा स्याङ्जा-१ बाट उम्मेदवार बनेका थिए। सहकारी रजिस्ट्रार कार्यालयको अनुसन्धानमा मित्र मिलन सहकारीमा २६ करोड रुपैयाँभन्दा बढी रकम अपचलन भएको खुलेपछि बचतकर्ताहरूले उजुरी दिएका थिए। त्यसपछि २०८० मंसिरदेखि नै सहकारीका पदाधिकारी र सम्बन्धित व्यक्तिमाथि कानुनी प्रक्रिया अघि बढाइएको थियो। यसअघि सहकारीका अध्यक्ष रमण पौडेल र कार्यकारी प्रमुख किरण अधिकारी पक्राउ परिसकेका छन्। यसै प्रकरणमा दीपक सुवेदी, अर्जुन गिरी, विजय लम्साल तथा जनकल्याण पराजुलीलगायतमाथि पनि अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ। प्रहरीले सहकारीको रकम अपचलनमा संलग्न अन्य व्यक्तिको खोजी तथा अनुसन्धानलाई समेत तीव्र बनाएको छ।

# स्थानीय तहमा वित्तीय बेथिति गहिरिँदै, अबण्डा बजेट र करोडौँ बेरुजु उजागर

***१ जेठ, विराटनगर ।***
मुलुकका स्थानीय तहहरूमा वित्तीय सुशासन कमजोर बन्दै गएको तथ्य महालेखा परीक्षकको ६३औँ वार्षिक प्रतिवेदनले उजागर गरेको छ। प्रतिवेदनले बजेट व्यवस्थापनदेखि बैंक हिसाब मिलानसम्म गम्भीर अनियमितता देखिएको जनाएको छ।




प्रतिवेदनअनुसार ७५३ स्थानीय तहमध्ये २१९ वटा पालिकाले शीर्षक र योजना नतोकी करिब ७ अर्ब ५६ करोड रुपैयाँभन्दा बढी रकम “अबण्डा” को रूपमा बजेट स्वीकृत गरेका छन्। यसरी राखिएको रकम कार्यपालिकाको निर्णयका आधारमा मनपरी रूपमा खर्च हुने जोखिम रहने भन्दै प्रतिवेदनले चिन्ता व्यक्त गरेको छ।
त्यस्तै, ९० वटा स्थानीय तहले आफ्नो स्रेस्ता र बैंक मौज्दातबीच हिसाब मिलान नगरेको पाइएको छ। यसका कारण करिब ५४ करोड रुपैयाँभन्दा बढी रकम बैंक हिसाबमा कम देखिएको प्रतिवेदनमा उल्लेख छ, जसले आर्थिक हिनामिनाको आशंका बढाएको छ।
राजस्व व्यवस्थापनमा पनि कमजोरी देखिएको छ। १७७ स्थानीय तहले संकलित करिब १३ करोड रुपैयाँ सरकारी खातामा दाखिला नगरी आफैँसँग राखेको पाइएको छ। यसले कानुनी प्रक्रिया

बाँकी तेस्रो पृष्ठमा

# विदेशबाट मल खरिदको निर्भरता अन्त्य गर्नुपर्छ : कृषि मन्त्री चौधरी

***काठमाडौं, १ जेठ ।***
कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरी ले विदेशबाट अर्बौं रुपैयाँ खर्च गरेर रासायनिक मल खरिद गर्नुपर्ने अवस्थाको अन्त्य गर्न आवश्यक रहेको बताउनुभएको छ।



शुक्रबार सिंहदरबारमा बसेको प्रतिनिधिसभाअन्तर्गत कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा बोल्दै मन्त्री चौधरीले स्वदेशमै मल कारखाना स्थापना वा अन्य दीर्घकालीन विकल्पमार्फत आत्मनिर्भर बन्नुपर्नेमा जोड दिनुभयो।
उहाँले नेपालमै पर्याप्त मल उत्पादन गर्न सकिए हाल मल खरिदमा खर्च हुँदै आएको अर्बौं रकम कृषि क्षेत्रकै विकासमा लगानी गर्न सकिने उल्लेख गर्नुभयो। मन्त्रालयको झण्डै ५० प्रतिशत बजेट रासायनिक मल आयातमै खर्च भइरहेको भन्दै उहाँले यसलाई दीर्घकालीन रूपमा समाधान गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। मन्त्री चौधरीले कृषि पेशालाई सम्मानित र आकर्षक बनाउन मन्त्रालयले नीतिगत सुधारको प्रक्रिया अघि बढाएको जानकारी

बाँकी तेस्रो पृष्ठमा

# विदेश पठाइदिन्छु भन्दै ठगी गर्ने ६९ कन्सल्टेन्सी सञ्चालक नियन्त्रणमा

***काठमाडौं, १ जेठ ।***
उच्च शिक्षाका लागि विदेश पठाइदिने भन्दै ठगी गरेको आरोपमा ६९ जना शैक्षिक परामर्श (कन्सल्टेन्सी) सञ्चालकहरूलाई प्रहरीले नियन्त्रणमा लिएको छ।



उपत्यका अपराध अनुसन्धान कार्यालय काठमाडौंको टोलीले विभिन्न स्थानमा सञ्चालनमा रहेका कन्सल्टेन्सीहरूमा छापा मारेर उनीहरूलाई नियन्त्रणमा लिएको हो। ठगीसम्बन्धी गुनासो बढेपछि प्रहरीले कारबाही अघि बढाएको जनाएको छ।
प्रहरीका अनुसार ती कन्सल्टेन्सीहरूले शिक्षा ऐन, २०२८, शिक्षा नियमावली २०५९ तथा शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण निर्देशिका २०७३ मा उल्लेखित मापदण्ड र प्रक्रिया पूरा नगरी सेवा सञ्चालन गर्दै आएका थिए। साथै, दर्ता नवीकरण बिना तथा इजाजतबिना नै शैक्षिक परामर्श, पूर्वतयारी कक्षा र भाषा शिक्षण सेवा दिइएको पाइएको छ। यस क्रममा प्रहरीले करिब ९५ वटा केन्द्रमाथि निगरानी तथा कारबाही प्रक्रिया अघि बढाएको र तीमध्ये ६९ जना सञ्चालकलाई नियन्त्रणमा लिइएको जनाएको छ। प्रहरीले यस प्रकरणमा ठगीमा परेका अन्य नागरिकहरूलाई पनि सम्बन्धित कार्यालयमा सम्पर्क गर्न आग्रह गरेको छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।